# पोखरा विश्वविद्यालय
# POKHARA UNIVERSITY
Kaski, Nepal


चलानी नं.:/Ref.No. २०८०/०८१

मिति : २०८०/०६/२८

## पोखरा विश्वविद्यालय स्नातकतह छात्रवृत्ति छनौंट समितिको Awarded List (Program and College) प्रकाशित सम्बन्धि सूचना !

(क) पोखरा विश्वविद्यालय स्नातकतह छात्रवृत्ति छनौंट समिति, २०८० बाट मिति २०८०/०५/२२ र २३ गते लिएको विज्ञान तथा प्रविधि संकाय समूह (क), विज्ञान तथा प्रविधि संकाय समूह (ख), व्यवस्थापन संकाय र मानविकी तथा सामाजिक शास्त्र संकाय समूह (क), (ख) र (ग) छात्रवृत्ति छनौंट प्रवेश परीक्षाको योग्यताक्रम सूचि (Merit List) मा समावेश भएका र मिति २०८०/०६/०९ गतेदेखि मिति २०८०/०६/१६ गतेसम्म अनुसूचि-४ को अनलाईन फाराम भरी आफूले अध्ययन गर्न चाहेको एउटा संकायबाट बढीमा ३ वटासम्म शैक्षिक कार्यक्रम र एउटा शैक्षिक कार्यक्रमकोलागि बढीमा ३ वटासम्म शैक्षिक संस्थाको नाम भरेको विवरणको आधारमा समितिले पोखरा विश्वविद्यालय छात्रवृत्ति सम्बन्धि नियमावली, २०६५ को नियम १४(३) अनुसार संलग्न बमोजिमको **Scholarship Awarded List** प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैकोलागि जानकारी गराईन्छ ।

ख) प्रकाशित **Scholarship Awarded List** मा समावेश भएका उम्मेदवारहरुलाई सम्बन्धित शैक्षिक कार्यक्रम र शैक्षिक संस्थाहरुमा अध्ययनकालागि पत्र दिई भर्ना हुन पठाईने समयका सम्बन्धमा हाल नेपालीहरुको महान चाड विजयादशमीको कारण लामो समयसम्म विश्वविद्यालय बन्द रहने भएकोले मिति २०८०/०७/१३ गते सूचना प्रकाशित गरी जानकारी गराईने हुँदा सम्बन्धित पक्षहरुले उक्त सूचना हेरी विश्वविद्यालयमा सम्पर्क गर्नुहुन समेत जानकारी गराईन्छ । निजहरुले अनलाईनबाट अनुसूचि-४ को फाराम भरी माग गरेको कलेजहरुमा स्थानान्तरण (college placement) गर्दा मुख्य गरेर निजहरुले प्राप्त गरेको प्राप्तांकलाई आधारमानी गरिएको छ ।

ग) प्रकाशित **Scholarship Awarded List** मा समावेश भएका उम्मेदवारहरुलाई प्रकाशित **Awarded List** मा चित्त नबुझेको भएमाा मिति २०८०/०७/१२ गते राती १२ बजेसम्म भित्र **puscholarship@pu.edu.np** मा mail गरी जानकारी गराउन सकिनेछ ।

घ) **Scholarship Awarded List** मा समावेश भएका उम्मेदवारहरुले पेश गरेको कागजातहरु कुनैपनि समय छानविनको क्रममा झुट्टा भएको प्रमाणित भएमा त्यस्ता उम्मेदवारहरुलाई जुनसुकैबेला पनि छात्रवृत्तिबाट हटाइनेछ ।

प्रकाशित गरिएको सूचना र सम्बन्धि सम्पूर्ण विवरण विश्वविद्यालयको वेभसाइट **www.pu.edu.np** र छात्रवृत्ति शाखाको **https://scholarship.pu.edu.np** मा समावेश भएको हुदा सम्बन्धित उम्मेदवारहरुलाई दिएको Link मा गई विवरण हेर्न जानकारी गराईन्छ । साथै प्रकाशित **Scholarship Awarded List** मा कुनै त्रुटी हुन गएको भएमा त्यसलाई सच्चाउने अधिकार छनौंट समितिमा निहित रहेको छ ।

रोशन पाण्डे
सदस्य-सचिव
स्नातकतह छात्रवृत्ति छनौंट समिति, २०८०


P.O. Box 427, Pokhara Metropolitan City-30, Lekhnath, Kaski, Nepal. E-mail: info@pu.edu.np
URL: https://pu.edu.np. Tel.: +977-61-504046/504039